सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको )

# २०८१ साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरू

## (स्वतः प्रकाशन)


गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, गोरखा
फोन नः ०६४४२०११३/०६४४२१५९४
ईमेलः\इमेलः akcgorkha@gmail.com
वेबसाईटः Gorkha.akc.gov.np


२०८१ माघ

(स्वतः प्रकाशन) .................................................................... १

१ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि .................................................................... १

२ कृषि ज्ञान केन्द्रको कार्य विवरण .................................................................... १

३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण .................................................................... ३

३.१ संगठनात्मक ढाँचा .................................................................... ३

.................................................................... ३

३.२ हाल कार्यरत कर्मचारीहरूको विवरण .................................................................... ४

४ कर्मचारीहरूको कार्यविवरण .................................................................... ५

४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण .................................................................... ५

४.२ योजना शाखा .................................................................... ५

४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण .................................................................... ५

४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण .................................................................... ६

४.३ विशेषज्ञ सेवा शाखा .................................................................... ६

४.३.१ कृषि प्रसार अधिकृत, अधिकृतस्तर सातौ/आठौं (सेवाः प्रदेश कृषि, समुहः कृषि प्रसार) .................................................................... ६

४.३.२ वागवानी विकास अधिकृत, अधिकृतस्तर सातौ/आठौं (सेवाः प्रदेश कृषि, समुहः वागवानी) .................................................................... ७

४.३.३ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण .................................................................... ७

४.३.४ प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण .................................................................... ८

४.३.५ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण .................................................................... ८

४.४ प्रशासन शाखा .................................................................... ८

४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण .................................................................... ८

४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण .................................................................... ८

५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा .................................................................... १०

६ कृषि ज्ञान केन्द्र, गोरखाको शाखा र जिम्मेवार अधिकारी ........................................................ १२
७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण ........................................................ १२
७.१ प्रशासन शाखा ........................................................ १२
७.२ योजना शाखा ........................................................ १२
७.३ विशेषज्ञ सेवा शाखा ........................................................ १३
८ सुचना अधिकारी, गुनासो सुन्ने अधिकारीः र प्रमुखको नाम पद ........................................................ १८
९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण ........................................................ १९
९.१ बार्षिक बित्तिय प्रगति प्रतिवेदन २०८१/८२ दोस्रो त्रैमाशिक ........................................................ १९
९.२ बेरूजु विवरण ........................................................ २१
९.३ राजस्व विवरण ........................................................ २२
९.४ ऐन, नियम र निर्देशिकाको सूचि ........................................................ २३

## १ कृषि ज्ञान केन्द्रको पृष्ठभूमि

गोरखा जिल्लामा कृषकहरूले परापूर्व कालदेखि गरी आएको कृषि पद्धतिलाई परिमार्जन गरी प्रति इकाई क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी बहुसंख्यक कृषकहरूको जीवनस्तर उकास्न उन्नत कृषि प्रविधिको प्रचार-प्रसार गर्ने उद्देश्यले जिल्ला कृषि विकास कार्यालय, गोरखाको स्थापना २०२४ सालमा भएको हो । देशको करीब ५७.३ प्रतिशत जनतालाई आश्रय दिदै अर्थतन्त्रको मेरूदण्डको रूपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभएसम्म बहुसंख्यक जनताको जीवन स्तरमा सुधार ल्याउन नसकिने तथ्य निर्विवाद छ। प्रमुख वालीको रुपमा सुन्तला, तरकारी तथा मकै/भट्टमास लगाएत कृषिको विविध पक्ष खाद्यान्न बाली, फलफूल तथा तरकारी वाली, नगदे बाली, विशेष बाली (मौरी, च्याउ), मत्स्य पालन व्यवसाय आदिको दिगो विकास गर्ने क्रममा कृषि विकास कार्यालयले स्वीकृत नीति अनुरूप विविध कार्यक्रम संचालन गर्दै आएको छ । हाल आएर गण्डकी प्रदेश सरकार, भूमि व्यवस्था कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय अन्तगत रही कृषि ज्ञान केन्द्रको नाम बाट २०७५/०४/०१ गते स्थापना भई मिति २०७५/०५/०८ गते उद्धघाटन भएको थियो । यस कार्यालयले गोरखा जिल्लाका कृषकहरुलाई सेवा प्रदान गर्दै आई रहेको छ ।

## २ कृषि ज्ञान केन्द्रको कार्य विवरण

- जिल्लाको कृषि तथ्यांक प्रोफाइल तयार तथा अध्यावधिक गर्ने,
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिबृद्धि गर्ने,
- ब्यबसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि गर्ने,
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने,
- माटो तथा मल, बीउ तथा बाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने,
- सङ्घीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्र भित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्र भित्रका पकेट तथा ब्लकको कार्यक्रम संचालन तथा प्राविधिक सेवा उपलब्ध गराउने,
- भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिबृद्धि श्रृखला विकास तथा कार्यान्वयनको समन्वय गर्ने,
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने,

- विभिन्न बालीनालीका रोग कीराहरुको पेष्ट म्याप तयार गर्ने,
- विभिन्न बालीनाली तथा रोगकीराहरुको संकलन, पहिचान तथा संरक्षण गरी संग्राहलयको रुपमा विकास गर्ने,
- स्थानिय बाली/रैथाने बाली/लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम संकलन गरी Gene bank लाइ उपलत्ब्ध गराउने, Genebank सँग सहकार्य गर्ने,
- स्थानीय तहका कृषि इकाईहरुबाट कृषि सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तथा सङ्घीय तालुक निकायहरुमा पठाउने,
- बीउ, विषादी तथा मलखाद बिक्रेताहरूको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षेमता अभिबृद्धि गर्ने,
- कमाण्ड क्षेत्र भित्र रहेका श्रोत केन्द्रहरु, फलफुल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने,
- कमाण्ड क्षेत्र भित्र रहेका फलफुल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने,
- निरोगिताको प्रमाणपत्र बिना बीउ, विरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसंग समन्वय गरी रोक लगाउने,
- व्यावसायिक फर्म, विमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, विषादी विक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने,
- कमाण्ड क्षेत्र भित्र कृषि उद्धम् तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवासायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने,
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानीय सरकारसंग समन्वय तथा सहजीकरण गर्ने,
- कृषि स्नातक तथा जे.टि./जे.टि.ए. कोर्ष अध्यनरत विद्यार्थीहरुको लागी इन्टर्नसिप कार्यक्रम संचालन गर्ने,
- सङ्घीय एवं प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने, गराउने,
- स्थानीय तह अन्तरगत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायीकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने,
- नेपाल कृषि अनुसन्धान परिसदसंग समन्वय गरी वाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,
- सङ्घीय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने,
- समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने,

- यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने,
- कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने।

# ३ कृषि ज्ञान केन्द्रको संगठनात्मक ढाँचा एवमं दरबन्दी विवरण

## ३.१ संगठनात्मक ढाँचा

गण्डकी प्रदेश सरकार
कृषि तथा भुमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, गोरखा**

**प्रमुख**
९ वा १० औं तह, कृषि/समुहकृत नहुने-१

**विशेषज्ञ सेवा शाखा**
७ वा ८ औं तह, वागवानी विकास अधिकृत-१
७ वा ८ औं तह, वाली संरक्षण अधिकृत -१
७ वा ८ औं तह, कृषि प्रसार अधिकृत-१
प्राविधिक सहायक
(५/६ औं तह (कृषि/बागबानी)-१
(५/६ औं तह (कृषि/माटो)-१

**प्रशासन फाँट**
लेखापाल (५/६ औं तह, प्रशासन/लेखा)-१
खरिदार (४/५ औं तह प्रशासन/सा.प्र)-१
हलुका सवारी चालक श्रेणी विहिन-१
कार्यालय सहयोगी श्रेणी विहिन-२

**योजना शाखा**
**कृषि अर्थ विज्ञ**
(७ वा ८ औं तह, कृषि/एगी.ईको एगृ मार्केटीङ)-१
**प्राविधिक सहायक**
(५/६ औं तह कृषि/कृषि प्रसार)-१

कुल दरवन्दी १३

## ३.२ हाल कार्यरत कर्मचारीहरूको विवरण

तालिका नं. १: हाल कार्यरत कर्मचारीहरूको विवरण

| सि.नं. | पद | तह/श्रेणी | सेवा | समूह | कर्मचारीको नाम थर | कर्मचारीको पद | कर्मचारीको तह/श्रेणी | स्थायी / करार | रिक्त/पूर्ति | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | ९/१० औं | कृषि | समूहकृत नहुने | मिरा चौधरी | कार्यालय प्रमुख | अधिकृतस्तर नवौं | स्थायी | पूर्ति | ९८५६०३०६४९ |
| २ | बागवानी विकास अधिकृत | ७/८ औं | कृषि | बागवानी | हरि प्रसाद न्यौपाने | बागवानी विकास अधिकृत | अधिकृतस्तर सातौं | स्थायी | पूर्ति | ९८४१४५४०६४ |
| ३ | बाली संरक्षण अधिकृत | ७/८ औं | कृषि | बाली संरक्षण | अम्वा दत्त विष्ट | बाली संरक्षण अधिकृत | अधिकृतस्तर सातौं | स्थायी | पूर्ति | ९८६५७४९७३८ |
| ४ | कृषि अर्थ विज्ञ | ७/८ औं | कृषि | एगृ. इको एण्ड एगृ. मार्केटिङ्ग | सुमन भट्टराई | कृषि अर्थ बिज्ञ | अधिकृतस्तर सातौं | स्थायी | पूर्ति | ९८४८०५८४४३ |
| ५ | कृषि प्रसार अधिकृत | ७/८ औं | कृषि | कृषि प्रसार | विवेक पौडेल | कृषि प्रसार अधिकृत | अधिकृतस्तर सातौं | स्थायी | पूर्ति | ९८४३२८५५१६ |
| ६ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | कृषि प्रसार | दिनकर मणि आचार्य | बरिष्ठ प्रा.स | अधिकृतस्तर छैठौं | स्थायी | पुर्ती | ९८५८०६४२६६ |
| ७ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | बागवानी | मोनिमा योन्जन | प्रा.स | सहायकस्तर पाचौं | स्थायी | पूर्ति | ९८४३६२७४०७ |
| ८ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | माटो | डम्बर के.सी. | प्रा.स | सहायकस्तर पाचौं | स्थायी | पुर्ती | ९८६७८७३६३२ |
| ९ | लेखापाल | ५/६ औं | प्रशासन | लेखा | रिक्त | स्थायी | रिक्त | स्थायी | रिक्त | रिक्त |
| १० | खरदार | ४/५ औं | प्रशासन | सा.प्र. | कमला खनाल | सहायकस्तर पाँचौ | पाँचौ | स्थायी | पूर्ती | ९८५१२११४५७ |
| ११ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियरिङ्ग | मेकानिकल | राम्जी सुनार | ह.स.चा. | श्रेणी बिहिन | करार | पूर्ति | ९८६१५०४९७४ |
| १२ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | शेर बहादुर गुरुङ | का.स. | श्रेणी बिहिन | स्थायी | पूर्ति | ९८४६१२४८५४ |
| १३ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | आशमाया गुरुङ | का.स. | श्रेणी बिहिन | करार | पूर्ति | ९८४६४९१२४८ |

# ४ कर्मचारीहरूको कार्यविवरण

## ४.१ कार्यालय प्रमुख (९/१० औं ) पदको कार्यविवरण

- जिल्लाको सम्भाव्यता, आवश्यकता र माग अनसुार कृषि विकास कार्यक्रमको तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने गराउने।
- आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने।
- जिल्ला स्थित सरोकारवाला निकाय र स्थानीय तहसँग समन्वय गर्ने।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरूको सामाधानका लागि आवश्यक कार्य गर्ने।
- कृषकको माग अनुसार बिउ, बेर्ना, मल, विषादी, कृषि यन्त्र तथा उपकरण, कृषि विमा आदी उपलब्ध गराउन प्रवर्धन, अनुगमन, नियमन सम्बन्धि कार्यहरू सञ्चालन गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधि प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषदसँग समन्वय गर्ने,
- कार्यालयको आर्थिक प्रशासन सम्बन्धि कार्यहरू गर्ने गराउने।
- कार्यालयको दैनिक प्राविधिक तथा प्रशासनिक कार्यको अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने।

## ४.२ योजना शाखा

### ४.२.१ कृषि अर्थ विज्ञ (७/८ औं, एग्री इको) पदको कार्यविवरण

- सम्बन्धित स्थानिय तह र कार्यालयको विशेषज्ञ सेवा शाखाको समन्वयमा कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा गर्ने।
- कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने।
- स्थानीय तहबाट कृषि सम्बन्धी तथ्यांक संकलन गरी जिल्लाको कृषि तथ्यांक अध्यावधिक तथा प्रोफाइल तयार गर्ने।
- असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तालुक निकायहरूमा पठाउने।
- सङ्घिय एवं प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमवाली, निर्देशिका सम्बन्धी सरोकालवाला निकायहरूलाई सुसूचित गर्ने, गराउने।
- समग्र कृषि विकासको सम्बन्धमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्न सम्पर्क व्यक्तिको रुपमा काम गर्ने।
- कार्यक्रम कार्यान्वयनको अनुगमन गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्ने।

- कृषि उपज बजारको अनुगमन गरी कृषि उपजको सहज विक्रिवितरणका लागि आवश्यक कार्यहरू सम्पादन गर्ने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन गर्ने।
- सहुलियत दरको कृषि ऋण र कृषिमा विमा प्रवर्धन कार्यको संयोजन गर्ने।
- कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्धबार्षिक र बार्षिक विवरण तयार गर्ने।

### ४.२.२ प्राविधिक सहायक/अधिकृत (५/६ औं, कृषि प्रसार) पदको कार्यविवरण

- कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा तथा प्रगति कम्पाईल तथा  तयारी गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि सम्बन्धी तथ्यांक संकलन, अध्यावधिक तथा प्रोफाईल तयार गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरू सम्पादन गर्न कृषि अर्थ विज्ञलाई सहयोग गर्ने।
- कृषि उपजको पाक्षिक तथा मासिक थोक मूल्य संकलन गर्ने।
- बाली कटानी गरी विभिन्न बालीको उत्पादकत्व सम्बन्धि तथ्यांक तयार गर्न सहयोग पुर्याउने।
- कृषि उपज बजार पूर्वाधार प्रवर्धन सम्बन्धि कार्य सम्पादन तर्न सहयोग पुर्याउने।
- कृषि विमा प्रवर्धन सम्बन्धि कार्यहरू सम्पादन गर्ने।
- कृषि सम्बन्धि फार्म तथा उद्योगमा विद्युत सहज रूपमा पुर्याउन समन्वय गर्ने।

## ४.३ विशेषज्ञ सेवा शाखा

### ४.३.१ कृषि प्रसार अधिकृत, अधिकृतस्तर सातौ/आठौं (सेवाः प्रदेश कृषि, समुहः कृषि प्रसार)

- उन्नत कृषि प्रविधिहरु कृषक समक्ष पुर्याउन उपयुक्त तथा आधुनिक कृषि प्रसार पद्दतिको अवलम्बन र कृषि सेवाको पहुँच बढाउने सम्बन्धि कार्यक्रमहरु सञ्चालनमा संयोजन गर्ने।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने।
- कृषक, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रमको संयोजन गर्ने ।
- कृषि यान्त्रिकरण सम्बन्धि प्रविधिको प्रसार र प्रवर्धन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि प्रविधीको प्रसार र प्रवर्धन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्वाईल मिनि ल्याव सञ्चालनको संयोजन गरी माटो परीक्षण सम्बन्धि सेवा उपलब्ध गराउने।
- साना तथा आधुनिक सिंचाई सम्बन्धि प्रविधीको प्रसार एवं सो सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्ने। खेतियोग्ग जग्गामा सिंचाईको सुविधा बढाउन जिल्ला स्थित सिंचाई सम्बन्धि कार्यालयसँग समन्वय गर्ने।
- खाद्यान्न, दलहन र तेलहन खेति सम्बन्धि प्रविधी प्रसार र उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
- बिउ बिक्रेताहरूको अनुमति, नवीकरण अनुगमन, नियमन तथा क्षमता अभिबृद्धि गर्ने ।

- विभिन्न वाली बस्तुको लाभ लागत तथा आर्थिक विश्लेषण सम्बन्धि कार्यहरु सम्पादन गर्ने।
- कृषि उपज बजारको अनुगमन गरी कृषि उपजको सहज विक्रिवितरणका लागि आवश्यक कार्यहरु सम्पादन गर्ने।
- सहुलियत दरको कृषि ऋण र कृषि विमा प्रवर्धन कार्यको संयोजन गर्ने।
- सम्बन्धित स्थानीय तह र कार्यकालयको विशेषज्ञ सेवा शाखाको समन्वयमा कृषि ज्ञान केन्द्रको बार्षिक कार्यक्रम तर्जूमा गर्ने।
- कार्यालयबाट सम्पादन भएका कार्यक्रमको मासिक, चौमासिक, अर्थबार्षिक र बार्षिक प्रगति विवरण तयार गर्ने।

### ४.३.२ वागवानी विकास अधिकृत, अधिकृतस्तर सातौ/आठौं (सेवाः प्रदेश कृषि, समुहः वागवानी)

१. तरकारी, फलफूल र मसला तथा नगदे बाली सम्बन्धि उन्नत प्रविधीको प्रसार र उत्पादकत्व तथा व्यवसायिकता प्रवर्धन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।

२. तरकारी, फलफूल र नगदे बाली खेति सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने।

३. फलफूल तथा तरकारीका नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक विरुवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धि कार्य गर्ने।

४. कमाण्ड क्षेत्र भित्र रहेका फलफुल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने ।

५. निरोगिताको प्रमाणपत्र बिना बिउ, विरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसंग समन्वय गरी रोक लगाउने।

६. बालीनालिका रोग तथा किराको पहिचान तथा व्यवस्थापन सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउन विषय विशेषज्ञको रुपमा कार्य सम्पादन गर्ने।

७. व्यवसायिक कीट विकास केन्द्रसँग समन्वय गरी मौरीपालन प्रवर्धन सम्बन्धि कार्यहरु सञ्चालन गर्ने।

८. विभिन्न बालीनालीका रोग किराहरुको पेष्ट म्याप तयार गर्ने ।

### ४.३.३ बाली संरक्षण अधिकृत (७/८ औं, बाली संरक्षण) पदको कार्यविवरण

- नेपाल कृषि अनुसन्धान परिषद् समन्वयमा आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन एवं परिक्षण सम्बन्धि कार्यहरू सञ्चालन तथा समन्वय गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी निर्देशनालय मातहातका कार्यालयहरूलाई नयाँ तथा उन्नत प्रविधि बारे अध्यावधिक गराई प्राविधिक क्षमता र दक्षता अभिबृद्धि गर्ने कार्यमा सहयोग गर्ने।
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरण कार्यको अनुगमन, समन्वय तथा सहजीकरण गर्ने।
- कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवं समन्वयात्मक कार्यहरूमा सहयोग गर्ने।
- कृषि उत्पादनका लागि आवश्यक सामाग्रीहरू जस्तै मल, बिउ, कृषि यन्त्र तथा उपकरणको आपूर्ति अवस्थाको नियमित अनुगमन तथा मूल्यांकन गरी कृषि सामाग्रीको उपलब्धता सहज बनाउने सम्बन्धि कार्य गर्ने।
- निर्देशनालय मातहतका कार्यालयहरूबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने।

- कृषि बाली वस्तुमा व्यवसायिकता एवं प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरूको कार्यान्वयन गर्ने।

### ४.३.४ प्राविधिक सहायक/अधिकृत (५/६ औं, वागवानी) पदको कार्यविवरण

- तरकारी र फलफूल बालीका आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।
- तरकारी बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- फलफूल बालीको उत्पादन, उत्पादकत्व र व्यवसायि प्रवर्धन सम्बन्धि कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।
- बिउ बिक्रेताहरूको अनुमति र नवीकरण सम्बन्धि कार्य सम्पादन गर्ने।
- तरकारी, फलफूल र नगदे बाली खेति सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने।
- फलफूल तथा तरकारीखा नर्सरीको स्थापना तथा सुदृढीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरी जिल्लालाई आवश्यक विरूवा तथा वेर्नाको व्यवसायिक उत्पादन प्रवर्धन सम्बन्धि कार्य गर्ने।

### ४.३.५ प्राविधिक सहायक/ अधिकृत (५/६ औं, माटो ) पदको कार्यविवरण

- जिल्लामा स्थित प्रयोगशालाको नियमित सञ्चालनमा ल्याई माटो परिक्षण गर्ने।
- जिल्लाका विभिन्न स्थानहरूमा माटो शिविर सञ्चालन गर्ने र स्थानीय प्राविधिकहरूको दक्षता वृद्धी गर्ने।
- किसानहरूमा माटो सम्बन्धी प्राविधिक पृष्ठपोषण गर्ने र माटोलाई स्वस्थ बनाउन आवश्यक सहयोग गर्ने।

## ४.४ प्रशासन शाखा

### ४.४.१ लेखापाल/अधिकृत (५/६ औं, लेखा) पदको कार्यविवरण

- कार्यालयको आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोजना र कार्यक्रमहरूको आवधिक विवरण तथा फाँटवारीहरू तयारी सम्बन्धी कार्य गर्ने,
- कार्यालयबाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरूको साधारण तथा पूँजिगत बजेट तयारीखा क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्न,
- जिल्ला स्थित प्रदेश लेखा नियन्त्रकको कार्यालयको ईकाईबाट चालु र पुँजिगत बजेट निकासा लिने, आर्थिक कारोवार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी कार्य गर्ने,
- महालेखापरिक्षकको कार्यालयबाट औंल्याईएका वेरूजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कार्य गर्ने,

### ४.४.२ सहायक /अधिकृत (५/६ औं, सामन्य प्रशासन/ प्रशासन ) पदको कार्यविवरण

- कार्यालयका कर्मचारीहरूको विदा, काज, सरूवा, लगायतका प्रशासनिक कार्यहरू सम्पादन गर्ने निर्णयका लागि राय साथ पेश गर्ने,

- कार्यालय निरिक्षण, पालो-पहरा, सरसफाई, विद्युत, खानेपानी, सवारी साधनको व्यवस्था आदि कार्यहरू गर्ने गराउने,
- कार्यालयका कर्मचारीहरूको कार्यसम्पादन मुल्यांकन सम्बन्धि सम्पूर्ण काम सम्पन्न गर्न संयोजन गर्ने,
- कार्यालय प्रमुखलाई सामान्य प्रशासन सम्बन्धि कार्यको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी कार्य गर्ने,
- कार्यालयको जिन्सी तथा पुँजिगत सम्पतिको अभिलेख, संरक्षण, सम्बर्धन र सदुपयोग सम्बन्धि कार्यहरू सम्पादन गर्ने।

## ५ कृषि ज्ञान केन्द्रबाट प्रदान गरिने सेवा

| क.स. | सेवाको प्रकृति | सेवाग्रहीले पुर्याउनु पर्ने प्रक्रिया र पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क/दस्तुर | लाग्ने समयावधी | जिम्मेवार शाखा | कोठा नम्बर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | अनुदान प्रवाह कार्यक्रम | निर्दिष्ट फर्मेट बमोजिम प्रस्ताव र रू १० को हुलाक टिकट<br>स्थानीय तहको सिफारिस<br>फर्म/समुह/सहकारी आदि प्रमाण पत्रको प्रतिलिपि<br>कर चुक्ता प्रमाणपत्र प्रतिलिपी<br>कार्ययोजना<br>कृषक बर्गीकरण परिचय पत्र प्रतिलिपी<br>कार्यविधिले माग गरे बमोजिमका अन्य कागजात | कार्यविधिमा उल्लेख भए बमोजिम | कार्यलयको कार्ययोजना अनुसार | योजना शाखा/बिशेषज्ञ शाखा | ७,९ | प्रमुख |
| २ | कृषि सम्बन्धी तालिम/गोष्ठी | आवश्यक पर्ने तालिमको विवरण खुलाई निवेदन र रू १० को हुलाक टिकट<br>कृषक बर्गीकरण परिचय पत्र प्रतिलिपी | निः शुल्क | वर्षभरी | योजना शाखा | | प्रमुख |
| ३ | बीउ उत्पादक बिक्रेता दर्ता तथा नविकरण | निर्दिष्ट फर्मेट, नागरिकताको प्रतिलिपी , रू १० को हुलाक टिकट, तालिप प्राप्त पत्रको प्रतिलिपी | नयाँ- रू ४००/-<br>नविकरण- रू २००/- | ६ दिन | विशेषज्ञ शाखा | ७ | प्रमुख |
| ४ | विषादी विक्रेता दर्ता तथा नविकरण | निर्दिष्ट फर्मेट, प्रमाण पत्रको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, स्थानीय तह कृषि शाखाको सिफारिस, निवेदन रू १० को हुलाक टिकट | नयाँ- रू५००<br>नविकरण- रू २००/- | सोही दिन | विशेषज्ञ शाखा | ७ | प्रमुख |
| ५ | कृषि विमा शुल्कमा २०% अनुदान | निर्दिष्ट फर्मेट, प्रमाण पत्रको प्रतिलिपी, निवेदन र रू १० को हुलाक टिकट, जग्गाको लालपुर्जा प्रतिलिपी, स्थानीय तहको सिफारिस पत्र | निः शुल्क | सोहि दिन | विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| ६ | कृषि फर्म दर्ताको | कार्ययोजना, प्रमाण पत्रको प्रतिलिपी, निवेदन रू १० | निःशुल्क | सोहि दिन | योजना शाखा | ९ | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि सिफारिस पत्र | को हुलाक टिकट, जग्गाको लालपुर्जा प्रतिलिपी, स्थानीय तहको सिफारिस | | | | | |
| ७ | माटो परिक्षण | माटोको नमुना, निवेदन , जाँच गर्नुपर्ने खाद्यत्वको विवरण | पि.एच.-१० नाइट्रोजन-८० पोटास-८० प्रांगारिक पदार्थ-१०० फस्फोरसः १०० | १५ दिन | विशेषज्ञ शाखा | ७ र९ | प्रमुख |
| ८ | बालीनालीहरूको रोग किरा परिक्षण | नमुना, निवेदन रू १० को हुलाक टिकट | निःशुल्क | १ हप्ता | विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| ९ | प्राविधिक सेवा | लिखित/मौखिक निवेदन | निःशुल्क | सोही दिन/ठाउँ अनुसार | योजना/विशेषज्ञ शाखा | ७ र ९ | प्रमुख |
| १० | अन्य सिफारिस | निवेदन, नागरिकताको प्रतिलिपी, कार्य प्रकृति अनुसार र अन्य कागजातहरू, स्थानीय तहको सिफारिस, सरकारी/समुह/फर्म दर्ताको प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र, तथा अन्य आवश्यक कागजातहरू | निःशुल्क | सोहि दिन | योजना शाखा | ९ | प्रमुख |
| ११ | कार्यालयसँग सम्बन्धित भुक्तानी | निवेदन, स्वीकृत आदेश, बिल भरपाई, निर्णय एवं पुष्ट्याइ हुने कार्यविधि बमोजिमका अन्य कागजातहरू | | | | | |

## ६ कृषि ज्ञान केन्द्र, गोरखाको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | विशेषज्ञ शाखा | • हरि प्रसाद न्यौपाने<br>• अम्वा दत्त विष्ट<br>• विवेक पौडेल<br>• डम्बर के.सी.<br>• मोनिमा योन्जन |
| २ | योजना शाखा | • सुमन भट्टराई<br>• दिनकर मणि आचार्य |
| ३ | प्रशासन फाँट | • मोनिमा योन्जन<br>• विनोद ऐडी<br>• शेरबहादुर गुरुङ् |

## ७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### ७.१ प्रशासन शाखा

- आ.व. २०८०/८१ को असार मसान्तसम्म केन्द्रको बेरूजुको तथ्यांङ्क अभिलेख कायम राखी फच्छौर्टको लागि आवश्यक पहल गरेको।
- विभिन्न निकायबाट विविध विषयमा सिफारिसका लागि अनुरोध भई आएका पत्र सम्बन्धित मन्त्रालय/निकायमा सिफारिस गरी पठाइएको।
- विनियोजन राजश्व तथा खर्चको लेखाङ्कन गरेको।

### ७.२ योजना शाखा

| क्र.स. | सम्पादित कार्यक्रम | विवरण |
|---|---|---|

| | | |
|---|---|---|
| १ | कार्यक्रम सार्वजनिकरण | आगामी दिनहरुमा सन्चालन हुने कार्यक्रमहरुको वारे छलफलहुनुको साथै कार्यक्रम संचालन वारेमा जानकारी |
| २ | स्थानिय तहका प्राविधिकहरूसँग समन्वयात्मक बैठक | कार्यक्रमलाई कसरी प्रभावकारी बनाएर लैजाने भन्ने वारेमा छलफल भई मार्गनिर्देशन अनुसार काम गर्न सजिलो भएको |
| ३ | सुचना प्रकाशन | प्रादेशिक कार्यक्रमका सूचना प्रकाशन गरिएको |
| ४ | अनुदानग्राही छनौट | Websiteमा राखिएको सम्पूर्ण विवरण |

**प्रकाशित सूचनाहरुको विवरण**

| क.सं. | सूचनाको विषय | सूचना प्रकाशित मिति | प्रकाशन गर्ने पत्रिकाको नाम |
|---|---|---|---|
| १ | आवेदन पेश गर्ने सम्बन्धि सूचना (प्रदेश शशर्त तर्फका सबै अनुदानमुलक कार्यक्रमहरु) | २०८१ श्रावण २८ | दरौदी दैनिक र आर सि टाईम्स |
| २ | उत्कृष्ट कृषकलाइ पुरस्कृत गर्ने | २०८१ श्रावण २९ र आश्विन १ | दरौदी दैनिक |
| ३ | आवेदन पेश गर्ने सम्बन्धि सूचना (सुन्तला फलफूल विकास आयोजना सम्बन्धि तथा चैते धान प्रवर्धन आयोजना सम्बन्धी दोस्रो सूचना) | २०८१ आश्विन ७ | दरौदी दैनिक र आर सि टाईम्स |

## ७.३ विशेषज्ञ सेवा शाखा

- **Technical group monitoring बाट प्राप्त विवरण**

| कार्यक्रम संचालन मिति | स्थान | देखिएका मुख्य समस्याहरु | दिइएका सुझावहरु | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २०८१/०६/१४-१५ | गण्डकी ८ | तरकारी नर्सरीमा Damping off | कार्बान्डाजियम ढुसिनासक बिषादीको मात्र र प्रयोग विधिबारे सल्लाह |  |
| | | रासायनिक मलको अभाव रहिरहेको | रासायनिक मलको अभाव प्रायजसो भईरहेको विषय प्रदेश कृषि मन्त्रालयलाई अवगत गराउने र यस समस्याको समाधान मन्त्रालयबाट हुने जानकारी दिईएको। | |
| | गोरखा १० | सिताके च्याउको उत्पादन र बजारीकरणबारे प्राविधिकलाई जानकारी कम भएको। | सिताके च्याउ खेति विषयमा जानकारी लिईएको। |  |
| | पालुङटार | मेवामा मोज्याक भइरस र मिलिवगको समस्या | बिउ बाट भाईरस सर्ने हुदा बिउ प्रतिस्थापन गर्ने, १५/१५ दिनमा calcium रहेको micronutrient प्रयोग गर्न सिफारिस। मिलिवगको समस्या हटाउनका लागि सिस्टमेटिक किटनासक विषादी जस्तै रोगरको मात्रा र प्रयोग विधीबारे सल्लाह उपलब्ध गराईएको। |  |

| | | | | |
|---|---|---|---|---|
| | गोरखा नगरपालिका-९ | प्लाष्टिक घरभित्र खेति नभएको। | प्लाष्टिक घरभित्र खेति गर्नका लागि उपयुक्त बाली चक्र सिफारिस गरिएको। |  |
| | पालुङटार -६ | मकैको उन्नत विउ ग्रेडिङ नभएको। | ग्रेडिङ गर्ने जालि निर्माण गरी विउ ग्रेडिङ गरेमा विउ विक्रि गर्ने सल्लाह दिईएको। |  |
| | पालुङटार- ९ | सावित्रि जात लगाईएको अधिकांश जग्गामा करिव १०-१५ प्रतिशत बालामा दाना नलागेको | दाना नलाग्ने यो किसिमको समस्या उच्च तापक्रम र बर्षाका कारण भएको प्रारम्भिक जानकारी कृषकलाई उपलब्ध गराईएको, Rapid response team को अध्ययन प्रतिवेदन पछि यो विषयमा कृषकहरुलाई थप प्रष्ट बनाईने जानकारी दिईएको। |  |
| | गोरखा नगरपालिका २ | सुन्तलाको बोटमा lichen | बोटलाई पानीले भिजाई जुटको बोराले घश्रण गरी हटाउने ,र हाँगा हरुमा बोर्डो पेस्ट लगाउने र पातमा बोडो मिक्स्चरको स्प्रे गर्ने |  |
| | गण्डकी ८ | मास र बोडीमा yellow green मोज्याईक भाइरस | चुसाह किराको नियन्त्रण गर्ने , सरसफाइमा ध्यान दिने |  |

- **उत्पादन/प्रविधि प्रदर्शन विवरण**

| क्र.स. | उत्पादन प्रदर्शन कार्यक्रमको नाम | उपचार (treatment) | बाली | स्थान | नतिजा (Result) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्ट्रबेरी बालीको जातीय प्रदर्शन | ३ वटा जात (Nyaho, high Berry and Tochiotome) with Mulching | स्ट्रबेरी बाली | पालुङटार-९, मिर्कोट | कार्यक्रमको नतिजा आउन बाँकी | |
| २ | भान्टा बालीको जातीय प्रदर्शन | ४ वटा जात (Lilly hybrid F१, Mayalu ५५५, OF ७४७ F१ and Pokhara Lurki १ ) | भान्टा बाली | गण्डकी-०८, घ्यालचोक | कार्यक्रम सन्चालनमा रहेको | |
| ३ | प्रशोधनयोग्य/ खायन आलुमा जातीय तथा छापो प्रदर्शन | ३ वटा प्रशोधनयोग्य (Saggita, Innovator and Alverstone Russet ) तथा ३ वटा खायन आलु (कार्डीनल, MS ४२.३ र लाल गुलाव) | प्रशोधनयोग्य तथा खायन आलु | गो.न.पा.-११, छेवेटार | कार्यक्रम सन्चालनमा रहेको | |

- **सहभागिता विवरण**

| विभिन्न कार्यक्रमहरूमा सहभागी भएकाहरूको लैंगिक तथा जातजाति विवरण (संख्या) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | लैंगिक सहभागिता | | | जातजाति सहभागिता | | | | कैफियत |
| | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | |
| स्थलगत तालिम | ११८ | ६७ | १८५ | २२ | ४८ | ११५ | १८५ | ७ वटा |
| कृषक पाठशाला | २६ | २४ | ५० | ८ | १६ | २६ | ५० | २ वटा |
| गोष्ठी | १६५ | ७५ | २४० | ३५ | ८८ | ११७ | २४० | ४ वटा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कृषि शिविर/बाली उपचार शिविर | ५८ | ६८ | १२६ | २८ | ३५ | ६३ | १२६ | ३ वटा |
| **जम्मा** | ३६७ | २३४ | ६०१ | ९३ | १८७ | ३२१ | ६०१ | १६ वटा |

- **<u>अनुदानग्राही विवरण</u>**

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु.हजारमा | लक्ष्य | सूचना प्रकाशन मिति | प्राप्त आवेदन संख्या | छनौट तथा सम्झौता भएका आवेदन संख्या |
|---|---|---|---|---|---|---|
| १ | सामुदायस्तरमा प्रशोधन/खायन आलु प्रवर्द्धन आयोजना | १०१४० | ६० हेक्टर | श्रावण २८ | ३६ | २४ |
| २ | चैतेधान प्रवर्द्धन आयोजना | ९३४० | ३५० हेक्टर | श्रावण २८, पौष २ र असोज ७ | २५ | २५ |
| ३ | सुन्तालाजात फलफूल विकास आयोजना | ७१२० | २८ हे. | आश्विन ७ | ५१ | ३६ |
| ४ | तरकारी बाली प्रवर्द्धन आयोजना | ३६२५ | १ पटक | श्रावण २८ | ३७ | ३० |
| ५ | खाद्यान्न बाली प्रवर्द्धन आयोजना | २७२० | २० हे. | श्रावण २८ | १७ | ६ |
| ६ | फलफूलबाली विकास आयोजना | २२५० | १५ हे. | श्रावण २८ | ३३ | २० |
| ७ | बीउ उत्पादन प्रवर्द्धन आयोजना | ४५० | ३ हेक्टर | श्रावण २८ | ४ | ४ |
| ८ | मसला तथा निर्यातयोग्य बाली प्रवर्द्धन | ६०० | ३ पटक | श्रावण २८ | २७ | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | रैथाने बाली प्रवर्द्धन आयोजना | ६७५ | ६ हे. | श्रावण २८ | ११ | ५ |
| १० | उत्कृष्ट कृषकलाइ पुरस्कृत गर्ने | ७५ | १ पटक | श्रावण २८ असोज १ | १३ | ४ |
| ११ | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजना | ६८२५ | ५० हेक्टर | पौष २३ | ३५ | छनौट हुने क्रममा |
| | **जम्मा** | | | | २८९ | १६० |

## ८ सुचना अधिकारी, गुनासो सुन्ने अधिकारीः र प्रमुखको नाम पद

**सुचना अधिकारीः**

नामः सुमन भट्टराई

पदः कृषि अर्थ विज्ञ

सम्पर्क नः ९८५६०७०६४९

इमेल ठेगानाः akcgorkha@gmail.com

**गुनासो सुन्ने अधिकारीः**

नामः हरि प्रसाद न्यौपाने

पदः बागवानी विकास अधिकृत

सम्पर्क नः ९८४६३६१९१८/९८५६०४०६४९

इमेल ठेगानाः akcgorkha@gmail.com

**प्रमुखः**

नामः प्रकाश बस्ताकोटी

पदः प्रमुख (अधिकृतस्तर नवौं)

सम्पर्क नः ९८५६०३०६४९

इमेल ठेगानाः akcgorkha@gmail.com

## ९ आर्थिक कारोबार सम्बन्धी आद्यावधिक विवरण

### ९.१ बार्षिक बित्तिय प्रगति प्रतिवेदन २०८१/८२ दोस्रो त्रैमाशिक

(रकम रु. हजारमा)

| बजेट | | विनियोजन | खर्च | वित्तीय प्रगति% | भारित प्रगति % |
|---|---|---|---|---|---|
| दोस्रो त्रैमासिक | पुँजीगत | २०० | ४७५.५९ | २३७.८० | ० |
| | चालु | २१८८२ | ५१२७.२६ | २३.४३ | ५४.२१ |
| | **जम्मा** | २२०८२ | **५६०२.८५** | **२५.३७** | **५३.७७** |
| अर्धबार्षिक | पुँजीगत | १५०० | १०२२.५० | ६८.१७ | ७०.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | चालु | २९६६६ | ७७१९.७१ | २६.२१ | ५४ |
| | **जम्मा** | ३११६६ | **८७४२.५०** | **२८.०५** | **५४.८** |
| **वार्षिक** | पुंजीगत | १५०० | १०२२.५० | ६८.२ | ६९.९२ |
| | चालु | ६६६८५ | ७७१९.७१ | ११.६ | २६.९५ |
| | **जम्मा** | ६८१८५ | **८७४२.५०** | **१२.८२** | **२८.०** |

- **प्रगति कम भएका कार्यक्रम र प्रगति कम हुनाका कारणहरु**

| **क्र.सं.** | **मुख्य मुख्य कार्यक्रम** | **एकाई** | **लक्ष्य** | **प्रगति** | **नपुग प्रगति** | **प्रगति नपुगका कारणहरू** |
|---|---|---|---|---|---|---|
| १ | समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring | पटक | १ | ० | १ | यथासमयमै विषय विज्ञको समय व्यवस्थापन गर्न नसकिएको/ फाल्गुन पहिलो हप्तामा हुने |
| २ | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रमको समस्याग्रस्त क्षेत्रमा अभियान मुलक बाली संरक्षण कार्यक्रम | पटक | १ | ० | १ | हिउँद समयमा खेती गरिने खाद्यान्न बालीमा रोग/किराको प्रकोप धेरै नरहेकाले |
| ३ | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्धन आयोजनाको कार्यक्रम सम्बन्धी प्रोफाईल तयारी | पटक | १ | ० | १ | तथ्यांक संकलन हुने क्रममा |
| ४ | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्धन आयोजनाको कृषि प्राविधिक परिचालन | पटक | १ | ० | १ | कृषि प्राविधिक परिचालन सम्बन्धी कार्यविधि नभएकाले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | बाली विमाको विमा शुल्कमा अनुदान | पटक | ५५ | ० | ५५ | बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि २०८१ अनुरुप मा शुल्कमा अनुदान दिन नमिल्ने भएकाले |
| ६ | रैथानेबाली प्रवर्द्धन आयोजना अन्तर्गत बाली विशेष स्थलगत तालिम | पटक | १ | ० | १ | रैथानेबाली प्रवर्द्धन आयोजनाको सम्झौता सम्पन्न पश्चात सञ्चालन गर्न उपयुक्त भएकाले |
| ७ | Pesticide Poisoning Survelliance | पटक | १ | ० | १ | |
| ८ | कृषि सम्बन्धि दिवस तथा प्रतियोगिता कार्यक्रम (धान दिवस, वातावरण दिवस,जैविक विविधता दिवस साथै कृषि गित,कविता, निवन्ध प्रतियोगिता) | पटक | १ | ० | १ | मेला महोत्सवको अवसरमा आयोजक संस्थासंग सहकार्य भई सञ्चालन हुने |
| ९ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम | पटक | १ | ० | १ | छनौट भएको/सम्झौता हुन बाँकी |
| १० | मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्द्धन आयोजनाको अनुगमन निरीक्षण | पटक | १ | ० | १ | सूचना प्रकाशन भई माघ ०८ गतेसम्म आवेदन संकलन भएको |

**अनुदानग्राहीहरुको विवरण**

विभिन्न आयोजना अन्तर्गतका आयोजनामा छनौट भई लागत साझेदारीमा सञ्चालन गर्ने कृषक तथा समुहहरुको विवरण यस कार्यालयको वेभसाईट www.gorkha.akc.gov.np मा राखिएको छ।

## ९.२ बेरूजु विवरण

(रकम रु. हजारमा)

| कार्यालय | बेरुजुको प्रकार | आ.व. २०७९/८० अगाडिको बेरुजु रकम | आ.व. २०७९/८० को बेरुजु रकम | यस अवधिमा सं.प.का लागि पेश भएको रकम रु | चालु आ.व.मा बेरुजु फछ्यौंट भएको भए रु | **फछ्यौंट हुन बाँकी** | **फछ्यौंट प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बेरुजु विवरण | नियमित गर्नुपर्ने | २९.९८२ | ४७८.५८३ | ६३५.२०० | ० | ५०८.५६५ | | |
| | अशुली गर्नुपर्ने | ११२.८९८ | ११०.०७५ | १२६.०९५ | ० | २२२.९७३ | | |
| | प्रमाण पेश गर्नुपर्ने | १८१.६३३ | ६१०.९४२ | ९१५१.५२९ | ० | ५८१३.३४२ | | |
| | जम्मा | ३२४.५१३ | ११९९.६०० | ९९१२.८२४ | ० | ६५४४.८७९ | | |

## ९.३ राजस्व विवरण

यस त्रैमाशिकसम्म रु. ३६४३०/- राजस्व संकलन भएको

| क्र.सं. | कार्यालयको नाम | प्रथम त्रैमासिक रू | दोस्रो त्रैमासिक रू | जम्मा राजश्व जम्मा (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि ज्ञान केन्द्र गोरखा | ० | ३१९१० | ३१९१० | स्रोत केन्द्रबाट उत्पादित मह तथा प्याजको बेर्ना लगायत अन्य मौसमी तरकारीहरुको विक्री वितरण |
| | | ४०० | ४१२० | ४५२० | विषादी खुद्रा बिक्रेता र वीउ विजन बिक्री वितरण अनुमतिपत्र नविकरण |
| जम्मा | | ४०० | ३६०३० | ३६४३० | |

### ९.४ ऐन, नियम र निर्देशिकाको सूचि

- प्रदेश निजामति सेवा ऐन, २०७९
- प्रदेश निजामति सेवा नियमावली, २०७९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धि नियमावली
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- खाद्य अधिकार तथा खाद्य सम्प्रभता ऐन, २०७५
- प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
- विउ विजन ऐन, २०७९
- जिवनाषक विषादी व्यवसथापन ऐन, २०७६
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०७७
- अन्य प्रचलित नियम कानुन, निर्देशिका, कार्यविधी तथा मापदण्डहरु।